# महिला सशक्तिकरण परियोजना
# एक जानकारी

SHARE AND CARE NEPAL


शेयर एण्ड केयर नेपाल
महिला सशक्तिकरण परियोजना *(WDC)*, मकवानपुर
पोष्ट बक्स नं.१०६५७, काठमाण्डौ नेपाल
फोन नं.०५७-५२६१९५, ०१-५५३८५७७
इमेल :*edo@share-care.org*
वेबसाइट :*www.share-care.org*

# शेयर एण्ड केयर नेपाल
# महिला सशक्तिकरण परियोजना, मकवानपुर

## **Women in Difficult Circumstances Project (WDC),** Makwanpur

## महिला सशक्तिकरण परियोजनाको- एक अवधारणा

सन्दर्भः

शेयर एण्ड केयर नेपाल विगत १७ वर्ष देखि विभिन्न खाँचोमा परेका तथा विपन्न परिवार, समुदायसम्म पुगेर सामुदायिक स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, महिला सशक्तिकरण तथा सामुदायिक विकासका कार्यहरु गर्दै आईरहेको एक गैर सरकारी संस्था हो । शेयर एण्ड केयर नेपाल "बाँड र वास्ता गर, जे आफुसंग छ जसरी सकिन्छ" भन्ने अर्थ राख्दछ ।

शेयर एण्ड केयर नेपाल **गुणस्तरीय जीवन यापन गरी रहेको रुपान्तरित र सशक्त समुदायको** परिकल्पना गर्दछ र विपन्न तथा खाँचोमा परेका समुदाय संगै रही समग्र रुपान्तरणका लागि कार्य गर्दछ । साथै एक समुदायको सफलता र प्रयासलाई अन्य क्षेत्र तथा समुदायसम्म पुगेर सेवा प्रदान गर्न र जीवन र जीविकोपार्जनका क्षेत्रमा सरोकार हुने सवालहरुमा समुदायको सक्रियता, परिचालन, सशक्तिकरण, रुपान्तरण तथा समुदायसंगसंगैको साझेदारी प्रकृयाको थालनी गरी कार्य गर्दछ ।

सिमान्तकृत तथा खाँचोमा परेका समुदाय र परिवारको आवश्यकता तथा सवालहरुलाई विशेष जोड दिई तिनीहरुको व्यापक परिचालन तथा सक्रिय सहभागिताको माध्ययमबाट विकासका कार्यहरु गर्न समुदायलाई नै प्रोत्साहन गर्दछ ।

त्यसैगरी मकवानपुर जिल्लामा जनसम्पर्क र संस्थागत सम्बन्ध तथा स्थानिय सरकारी निकायहरु संगको समन्वय र सहमती प्राप्तपछि परियोजनको कार्यक्रम शुरुवात गरिएको थियो। समुदायको बस्तु स्थितिको तथा वर्तमान अवस्थाको अध्ययन गरी सोही अनुरुपको यस जिल्लाको मानव बेचबिखन बाट प्रभावित गा.वि.स. मध्ये ५ गा.बि.स.हरु.(मनहरी, बसामाडी, पदमपोखरी, चुरियामाई र हटिया तथा हेटौडा नगरपालीका का ७, ८ र ११ वडाहरु मा "हामी सबैको आवाज मानब बेचबिखन मुक्त समाज" भन्ने मुल नारा लिई ३ वर्ष देखी मानब बेचबिखन न्यूनीकरण गर्ने उद्देश्यले बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

विभिन्न संस्थाहरु तथा निकायहरुले सामुदायिक विकास गर्न विभिन्न विधि र पद्दतिहरु (राहतमुखी, विकासमुखी र सशक्तिकरण तथा रुपान्तरण)को अवलम्वन गरेको पाईन्छ। **कल्याणकारी तथा राहतमुखी विकास पद्धती (Welfare and Charity Approach)** अनुसार विकास गर्ने हो भने समुदाय एक राहत माग्ने र संस्था राहत दिने, समुदाय आफुलाई कमजोर, गरीब र असक्षम रहेको ठान्दछन् भने संस्थाहरु समुदायसंग केही छैन, केही गर्न सक्दैन, तिनीहरुका लागि गरी दिनुपर्छ भन्ने धारणा राख्दछन् ।

**परिवर्तन तथा विकासमुखी पद्धती (Change and Development Approach)** मा सामुदायिक विकास गर्दा समुदाय आफै विकासका कामहरु गर्न थाल्दछन्, श्रोतहरुको खोजी गर्ने, परिचालन गर्ने र सम्भावनाहरु खोज्ने गर्दछन् भने

संस्थाहरु सहयोगी भूमिका खेल्दछन् । समुदायले हामी आफैले विकास गनुपर्छ, हामी गर्न सक्छौ, अरुको भर पर्नु हुदैन् भन्ने धारणा राख्दछन् भने संस्थाले समुदायलाई सक्षम बनाउनु पर्दछ, संस्था र समुदाय मिलेर काम गनुपर्छ, समुदायले अगुवाई गनुपर्छ र परनिर्भर हुनु हुदैन भन्ने धारणा राख्दछन् ।

**त्यसैगरी सशक्तिकरण तथा रुपान्तरण विकास पद्धति (Empowerment and Transformation Approach)** मा सामुदायिक विकास गर्न समुदायले निर्णय गर्दछन्, नेतृत्व लिन्छन् , श्रोत परिचालन गर्न वकालत गर्दछन्, कामको समिक्षा गरी फेरी काम थाल्दछन् भने संस्थाले समुदायलाई सुसुचित गर्ने, क्षमता विकास गर्ने, सशक्त बनाउने र सवालहरु उठाउने गर्दछन् । यसमा समुदाय संगठित भएर राज्यबाट अधिकार प्राप्त गर्न पहल गर्दछन्, "हाम्रो समस्या हामीले नै समाधान गनुपर्छ" भन्ने धारणा राख्दछन् भने संस्थाले हामी समुदायको लागि होईन समुदायसंगै काम गनुपर्छ, संस्थाले समुदायलाई क्रियाशील बनाउने दायित्व हो भन्ने धारणा राख्दछन् ।

यसर्थ समुदायको सक्रियता, सहभागिता, सहयोग, समन्वय, योगदान र परिचालनदारा हुने गरीने सामुदायिक क्रियाकलापहरुलाई दिगो रुप दिन सशक्तीकरण तथा रुपान्तरण विकास पद्धति अपनाई गर्न सकिने भएकोले यस विकास पद्धति तथा विधीको प्रयोग गर्ने महत्वका साथ अघि बढ्ने सोच बनाएको छ ।

## समुदाय र विकासको पारस्परिक सम्बन्ध

**परनिर्भरता (Dependency):**

कुनै समुदायको आशा र चाहना कुनै संघ संस्था तथा व्यक्तिहरुले सजिलै पुरा गरी दिन्छन् र समुदाय पनि आफ्नो आशा र चाहना निरन्तर रुपमा अरुले पुरा गरी देओस भन्ने अपेक्षा र माग राखी रहन्छन् । यस्तो परिस्थीति कुनै पनि समुदायमा हुने नौला कुरा होईनन् । तर यसबाट निस्कने परिणामले सधै समुदायलाई परनिर्भरतामुखी रहन्छन् र समुदायलाई अर्काको मुख ताक्ने आशे बनाउँछ ।

**निर्भरता (Independency):**

कुनै समुदाय आफैमा निर्भर रहौं र आफ्नो ज्ञान, सीप, क्षमता र श्रोतको प्रयोग गरी स्वावलम्बी रुपमा अघि बढ्न सक्षम होउँ भन्ने अपेक्षा राख्दछन् । निर्भरता त्यस्तो अवस्था हो, जुन अवस्थामा अन्य कुनै निकाय वा व्यक्तिहरुको सहयोग विना स्वत स्फूर्त रुपमा समुदाय क्रियाशील हुन सक्छन् तर माछालाई पानीको आवश्यकता परेजस्तै कुनै पनि समुदाय आफैमा पुर्ण रुपमा निर्भर हुन्छन भनेर भन्न सकिदैन । समय र परिस्थीति अनुसार कुनै पनि समुदाय अघि बढ्न सकेन भने ठोस परिणाम ल्याउन सकिदैन् । यदि समुदायले वा व्यक्तिहरुले आफु एक्लैले विकास र परिवर्तन गर्ने हो भने हजारौ वर्ष पहिल्यै नै गरीसकेका हुन्थे । समुदायमा कुनै पनि संघ सस्थाको प्रवेश संगै दिगोपनाको लागि एकमुष्ट केही दिए हुन्थ्यो ? केही गरी दिएमा हामी आफै गर्न सक्थ्यौं भन्ने भावना जागृत हुन स्वभाविक पनि हो । तर एक्लैले केही गर्न सकिदैन अरुको सहयोग र सम्बन्ध लिन आवश्यक छ ।

**अन्तर-निर्भरता (Inter-dependency):**

कुनै समुदायको ज्ञान, सीप, श्रोत र क्षमताले मात्र केही गर्न सकिदैन, परिणाममुखी र दिगोपन तर्फ उन्मुख भई सामाजिक, आर्थिक रुपान्तरण गर्ने नै हो भने स्थानीय र बाह्य सरोकारवालाहरु सरकारी, गैर सरकारी र नीजि निकाय तथा संघ संस्थाहरुसंग समन्वय राख्दै प्राप्त श्रोतहरुको खोजी र अधिकतम सदुपयोग गर्दै राज्यबाट उपलब्ध श्रोत र सुविधाहरुको आफ्नो हक र अधिकार सहित परिचालन गरी सम्पुर्ण समुदायको हक र हितको लागि अन्तर सम्बन्धात्मक तरीकाले गर्ने कार्यक्रम नै दिगो र निरन्तर चलिरहने एक प्रक्रिया र सामाजिक रुपान्तरणको एक अभियान हो ।

## WDC किन ?

- ✓ महिलाहरुलाई साक्षर र सशक्त वनाई समुदायको विकासमा सहभागीता गराउन ।
- ✓ स्थानीय श्रोत साधनको सदुपयोग, परिचालन तथा सेवा सुविधाहरुमा ग्रामिण महिलाहरुको पहुँच बढाउन ।
- ✓ उन्नत प्रविधि, सीप तथा क्षमता विकास गरी महिलाहरुलाई सक्षम बनाउन ।
- ✓ विभिन्न सरोकारवालाहरु, व्यक्ति तथा संघ संस्थाहरुको सामुहिक प्रयास, पहल, समन्वय, सक्रियता, सहभागिता र संजाल सहकार्यको निमार्ण गरी मानव वेचविखनमा न्यूनीकरण गर्न ।
- ✓ मानब बेचबिखन तथा यसबाट आउने परिणाम बारे समुदायका व्यक्तिहरुलाई सचेत गराउन ।
- ✓ जोखिममा रहेका किशोरी तथा महिलाहरुलाई सचेत गराई बेचबिखनमा पर्नबाट वचाउनलाई ।
- ✓ बेचबिखनबाट पिडित किशोरी तथा महिलाहरुलाई बिभिन्न सीप र क्षमताको बिकास गरी परिवार र समाजमा पुर्नरमिलन गराउन ।

## WDC ले कसरी काम गर्दछ ?

- ✓ अधिकारमुखी अवधारणा अनुसार महिलाहरुलाई उत्साहीत, संगठीत गराई महिलाहरुको सहभागीतामा विकास निर्माणका कार्यहरु गर्न अभिप्रेरित गर्दछ ।
- ✓ समुदायको प्रत्यक्ष संलग्नता र सहभागितामा प्रस्तावनामा उल्लेखित क्रियाकलापहरुको कार्यन्वयन गर्न जोड दिन्छ ।
- ✓ समुदायको अवस्था, परिवेशको विश्लेषण, सवाल तथा सम्भावनाहरुको खोजी, समुदायको प्राथमिकता, योजना तर्जुमा, कार्यन्वयन, सहभागितामुलक अनुगमन तथा मूल्यांकन गरी पुनः योजनाको चक्र प्रणाली अपनाई कार्यक्रमका गतिविधिहरु अगाडी बढ्दछन् ।
- ✓ सचेतनामुलक कार्यक्रमहरु मार्फत मानब बेचबिखनको सवालमा समुदायका व्यक्तिहरुलाई जाकरुक हुन अग्रसर गराउछ ।
- ✓ स्थानीय संघ संस्था तथा क्लबहरुसंग समन्वय गरी बिद्यमान अवस्थामा रहेको मानब बेचविखन समस्या लाई न्युनीकरण गर्न पहल गर्दछ ।

## WDC कार्यक्रमका प्रमुख उद्देश्य र क्रियाकलापहरुः

### १. समुदाय सचेतनाः

**परिवेशः** यस मकवानपुर जिल्ला मानबबेचबिखनको सवालमा देशकै तेश्रो जिल्लामा पर्दछ । यहांका मानिसहरुमा अझै पनि मानब बेचबिखन र यसबाट आउन सक्ने परिणाम बारे चेतनाको कमी रहेको पाईन्छ । तसर्थ समुदायका व्यक्तिहरुलाई मानब बेचबिखन, यसका कारणहरु तथा रोकथामका उपायहरु बारे बिभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको सोचाइ र ब्यवहारमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता छ ।

**उद्देश्यः** हेटौंडा नगरपालीका र ५ गा.वि.स.का १५,२०० (१०,७०० जना भइरहेको र ४५०० जना नयां क्षेत्रको) जना महिला तथा पुरुषहरुले सन् २०१३ जुलाई सम्ममा महिला तथा बालबालिकाहरुको बेचबिखन र यसबाट आउने परिणाम बारे बुझी ज्ञान हासिल गर्नेछन् ।

**क्रियाकलापहरु:**

- समुदायमा सचेतनामुलक क्रियाकलापहरु संचालन गर्ने ।
- सञ्चार अभियान (Media Campaigning) मार्फत समुदायलाई मानव बेचविखन र यसको परिणाम सम्बन्धी सचेतना जगाउने ।
- चालक, सहचालक, श्रमिक, फुटपाथे पसलेहरु, ठेकेदार र प्रहरीहरुलाई मानव बेचबिखन र यसको परिणाम सम्बन्धी कार्यशाला गोष्ठि आयोजना गर्ने ।
- अभिभावक र जोखिममा रहेका किशोरीहरुलाई कानुनी सचेतना कार्यशाला गोष्ठि आयोजना गर्ने ।
- अभिनय र नाटक निर्माण तथा प्रदशनी को माध्यमबाट समुदायलाई झक्झकाउने ।
- महिला वालवालिका तथा पुरुषहरुलाई मानव बेचबिखन र यसको परिणाम बारे सचेत गराउने ।

## २. सामुदायिक शिक्षा:

परिवेश : मकवानपुर जिल्लाको ग्रामीण तथा दुर्गम भेगमा रहेका महिला तथा किशोरी हरुको शिक्षाको अवस्था नाजुक रहेको देखिन्छ । जसले गर्दा महिलाहरुमा चेतनाको अभाव भई बेचबिखनमा जोखिममा परेका छन् साथै भौगोलीक बिकट तथा आर्थिक अवस्था कमजोर भई बिचैमा स्कूल छाडी बसेका किशोरीहरुको संख्या बढी मात्रमा रहेको छ । पढाई छाडे पछि अन्य बिकल्प खोज्ने क्रममा बेचबिखनमा परेका घटनाहरु दिनानुदिन बिभिन्न पत्र पत्रिकाहरु र समाचार का माध्यममाआउने गरेको पाईन्छ । तसर्थ बिशेष गरी किशोरीहरु बिचैमा पढाई नछोड्न भन्ने उद्देश्यले तथा पुन: विद्यालय मा भर्ना गराउन सहजीकरण गर्न र  महिलाहरु लाई साक्षरता कार्यक्रम को माध्यम बाट सशक्त बनाउनु पर्ने आवश्यकता रहेको छ । जसले गर्दा बेचबिखन कार्यक्रमको न्युनीकरणमा सहयोग पुग्दछ ।

**उद्देश्य:** किशोरीहरुको शिक्षा प्रर्वद्दन गर्नुको साथै युवा विकासको लागि सन् २०१३ जुन सम्ममा सहजीकरण गर्ने ।

**क्रियाकलाप:**

- किशोरी तथा महिलाहरुको शिक्षामा पहुँच पुऱ्याउनको लागि जीवन उपयोगी शिक्षा कार्यक्रम संचालन र सहजीकरण गर्ने ।
- छात्राहरुलाई विद्यालय स्तरीय छात्रवृत्तिको लागी सहजीकरण गर्ने ।
- यूवाहरुको व्यक्तित्व तथा नेतृत्व विकाशको लागि पहल गर्ने ।
- किशोरीहरुको क्षमता अभिवृद्धिको लागि पहल गर्ने ।

## ३. जीविकोपार्जन:

**परिवेश:** यस क्षेत्रमा मानव बेचबिखनबाट पिडित तथा प्रभावित महिलाहरुको आर्थिक अवस्था अति नै दयनिय रहेको छ भने दैनिक जीवन गुजरा गर्न समेत धौ धौ परिरहेको अवस्था छ। कुनै पनि आय श्रोतको माध्यम नभएको कारण उनीहरुलाई परिवार तथा समाज बाट अपहेलित हुनु परिरहेको छ । तसर्थ महिलाहरुको जीवन यापनलाई सहज बनाई आर्थिक अवस्थामा सुधार ल्याउन विभिन्न शीपमुलक तथा आयमुलक काम गर्न पिडित महिलाहरु अवसरहरु तथा हौसला प्रदान गरी उनीहरुलाई समुदायमा पुन एकीकरणको वातावरण तयार पार्न सहजीकरण गर्ने साथै क्षमता अभिवृद्धि गरी उनीहरुका जीबन यापनलाई गुणस्तरीय बनाउनु पर्ने आवश्यकता रहेको छ ।

**उद्देश्य:** वेचविखनवाट प्रभावित भएका ४० जना महिला तथा चेलिवेटिलाई (३० जना भइरहेको र १० जना नयां क्षेत्रको) सन् २०१३ जुन सम्ममा दिगो जिवीकोपार्जनको लागि अवसरहरुको विकास गर्ने ।

**क्रियाकलापहरु:**

- महिलाहरुलाई सिप विकास तालिम को माध्यम बाट क्षमता अभिवृद्दि गर्न पहल गर्ने ।
- महिलाहरुको उद्यमशिलता विकासको लागि सहजीकरण गर्ने ।
- महिलाहरुलाई व्यवसाय संचालन र बजार व्यवस्थापनमा सहजीकरण गर्ने ।
- वेचविखनवाट पिडीत तथा प्रभावित महिलाहरुलाई वसोवासको लागि समन्वय र सहजकिरण गर्ने ।

### ४. पुन–एकीकरण:

**परिवेश:** बेचबिखनमा परी फर्केका महिलाहरुलाई हाम्रो समाजमा स्वीकार गरीएको अवस्था छैन । अत: उनीहरु लाई परिवार, घर छिमेक तथा समाजले अवहेलना र तिरस्कार गर्ने गर्दछ । यसरी उनीहरुको जीबन दयनीय र पीडामा गुज्रीरहेको अवस्था छ । तसर्थ उनीहरुलाई उनीहरुको परिवार तथा समाजमा सम्मान पुर्वक जीबन जीउन, सक्षम र आत्मबिश्वास पूर्ण बनाउन आवश्यक भएकोले पिडितहरुलाई उनीहरुको परिवार र समाजमा पुन एकीकरण गर्नु पर्ने आवश्यकता रहेको छ ।

**उद्देश्य:** वेचविखनवाट पिडीत ४२ जना महिला र उनीहरुको वच्चाहरुलाई (३० जना भइरहेको र १२ जना नयां क्षेत्रको) सन् २०१३ जुन सम्ममा पुन: एकिकरणको लागि सहयोग गर्ने ।

**क्रियाकलापहरु:**

- वेचविखनवाट प्रभावित महिलाहरुलाई व्यक्तिगत परामर्श गरी पुन: एकिकरण गर्न सहजीकरण गर्ने ।
- शारिरीक व्यायमको माध्यमबाट पिडितहरुको मानसिक तथा शारीरीक स्वास्थ्यमा सुधार ल्याउन पहल गर्ने ।
- स्वास्थ्य परिक्षणको लागि समन्वय र सहजीकरण गर्ने ।
- मानव वेचविखन विरुद्दमा काम गर्ने संघ संस्थाहरु संग समन्वय गरी पिडितहरुलाई परिवारमा पुन: एकिकरण गराउन पहल गर्ने ।

### ५. स्वास्थ्य:

**परिवेश:** बेचबिखन तथा एच आई भी एड्स बाट पिडित महिला तथा उनीहरुको संक्रमित बालबालीकाहरुको अवस्थाको बारेमा नियालेर हेर्दा बिपन्न तथा गरीबीको मारमा पर्नुका साथै परिवारबाट तिरस्कृत भएको अवस्था छ । तसर्थ उनीहरुको आवश्यकता र अवस्थाको बिष्लेषण गरी परामर्श सेवा दिनुका साथै औषधि उपचारको लागी सहजीकरण गर्नु पर्ने देखिन्छ ताकि उनीहरुको स्वास्थ्य अवस्थामा सुधार आउनुको साथै परिवारमा र एक आपसमा सद्भावनाको विकास हुनमा मद्दत पुग्ने छ ।

**उद्देश्य:** वेचविखनवाट पिडीत ४२ जना महिला र तिनीहरुका HIV/ AIDS वाट प्रभावित वच्चाहरुलाई (३० जना भइरहेको र १२ जना नयां क्षेत्रको) सन् २०१३ जुन सम्ममा औषधी उपचारको लागि सहजीकरण गर्ने ।

**क्रियाकलापहरु:**

- स्वास्थ्य केन्द्र र अस्पतालहरुसंग समन्वय गरी पिडितहरुको स्वास्थ्य परिक्षणको लागि सहजीकरण गर्ने ।
- वेचविखनवाट प्रभावित महिलाहरुलाई स्वास्थ्य परिक्षणको लागि सहजिकरण गर्ने ।

- पूर्व र पुन: स्वास्थ्य परिक्षणको लागि परामर्श सेवा प्रदान गरी पिडितहरुको आत्मवल बढाउन सहजीकरण गर्ने ।
- संक्रणमित व्यक्तिहरुको स्वास्थ्यमा सुधार ल्याउन सहजीकरण गर्ने ।

### WDC कार्यक्रमको चरण तथा अवधी:

शेयर एण्ड केयर नेपाालको लामो अनुभव र अभ्यास अनुसार कुनै पनि समुदायमा गरीने विकासका कार्यहरु तीन चरणमा गर्ने गरीन्छ। जस अनुसार यस महिला सशक्तिकरण परियोजना WDC लाई पनि ३ चरण गरी ५ बर्ष अवधिमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

### १. प्रारम्भिक चरण (Entry Stage):

कुनै पनि कार्यक्रम सञ्चालन गर्नको लागी शुरुवात गर्दा प्रभाबकारी रुपमा गरेमा मात्र त्यस कार्यक्रमको अन्त्य पनि राम्रो हुन्छ । सोही कारण WDC परियोजनाले पनि शुरुवातमा बिभिन्न आवश्यकतामा परेका समुदाय र बेचबिखनको जोखिममा रहेका व्यक्तिहरु माझमा पुगी सर्बेक्षण र बास्तबिक तथ्यांकहरु संकलन र प्रतिवेदन तयार पारी सोही अनुरुप यस समुदायमा प्रबेश गरियो। शुरुवातको चरणमा बिभिन्न सचेतना क्रियाकलापबाट प्रवेश गरी परियोजनाले ३ वटा गा.वि.स. र हेटौडा नगरपालिकाको ३ वटा वडाहरुमा प्रारम्भिक चरण पार गरिसकेको छ भने थप २ गा.वि.स.मा प्रारम्भिक चरणको कार्य हुदैछ।

### २. कार्यन्वयन चरण (Implementation Stage):

प्रारम्भिक चरणमा पहिचान गरिएका समस्या र समुदायको विगतका सफलताहरुलाई समेत प्राथमिकीकरण गरी सामुदायिक सहभागीता र साझेदारी प्रकृयाद्धारा स्पष्ट उद्देश्यका साथ तयार गरिएको प्रस्तावना र संस्थाको श्रोतले सम्भव देखिएका क्रियाकलापहरु सहभागीमूलक प्रकृयाले कार्यान्वयन गरिन्छन् जसमा समुदायले आफ्नो विगतका सफलताहरुको अध्ययन र अन्य समुदायमा भए गरिएका क्रियाकलापहरुको अवलोकन समेत गरेर स्व-मुल्याङ्कनद्धारा प्रभावकारी निर्णयहरुका साथ समुदायले नै आफ्नो कार्ययोजना तयार पारेर कार्यान्वयन गर्न सहजीकरण गरिन्छ ।

### ३. बाहिरीने चरण (Exit Stage):

प्रारम्भिक चरण र कार्यन्वयन चरणमा गरीएका सम्पुर्ण प्रक्रियाहरु क्रियाकलापहरु, प्राप्त उपलब्धीहरु, नतिजाहरुलाई प्रभावकारी ढंगले निरन्तर अगाडी बढाई समुदायलाई सशक्त रुपले समुदायले नै आफ्नो समुदायको कार्य योजना र कार्यक्रमहरु तयार गरी आफै कार्यन्वयन गर्न सक्नेछन्। जसको फलस्वरुप यस समुदायमा मानव बेचबिखनको समस्यामा न्यूनीकरण भई दिगो विकासको प्रकृया अगि बढ्ने अपेक्षा लिईएको छ । साथै परियोजनाद्वारा पहिचान तथा परिचालन गरिएका बेचबिखन बाट पिडित महिला तथा वालबालिकाहरु र प्रभावित महिला, किशोरी हरुको समूह लाई सशक्त बनाई स्थानिय सहकारी तथा सरकारी निकायहरु मा अवद्दता गराउनको लागि वकालत गरिने छ। ताकी उक्त व्यक्तिहरु तथा समूह परियोजनाको उपस्थिति विना पनि निरन्तर परिचालन भैरहने छन् ।

यस चरणमा कार्यक्रमका सरोकारवाला साझेदारहरुसंग छलफल, अन्तरकृया, कार्यक्रमको दिगोपना र निरन्तरताका लागि अतित्यावश्यक तत्वहरुको छलफल, सरोकारवाला निकायहरुसंग समन्वय, संजाल तथा सम्बन्ध विस्तार, सम्पन्न भएका गतिविधिहरु र उल्लेखनीय उपलब्धीहरुको अध्ययन, घटना, अनुभव र सफलताका कथाहरुको संगालो संकलन र प्रकाशन गरिनेछ।

यस चरणको अन्त्यतिर सम्पुर्ण समुदायको बृहत भेलाद्वारा एक सामाजिक उत्सव (Thanks Giving Event) को आयोजना गरीनेछ । जसलाई आभार व्यक्त कार्यक्रम "हामी आभारी छौं !" को साथ कार्यक्रमको विधिवत समापनको घोषणा गरीनेछ । यसर्थ "समुदायको नासो समुदायलाई नै" भन्ने भनाईलाई आत्मसात गरी परियोजनाले सामुदायिक विकास क्षेत्रमा गरेको अगुवाईलाई स्थानीय समुदायलाई नै सुम्पिने एक स्वभाविक प्रकृया स्वरुप कार्यक्रम बाहिरिने हुन्छ ।

## "हामी सबैको आवाज
## मानव बेच बिखन मुक्त समाज"